**दोश्रो गाउँसभाको सोहौं अधिवेशनको दोश्रो बैठक २०८१।११।१२ गतेको प्रस्तावहरु**

१. अध्यक्षले दोश्रो गाउँसभाको सोहौं अधिवेशनको दोश्रो बैठकको वाचन पत्र सम्वन्धमा।
२. समसामयिक विषयमा छलफल तथा मन्तव्य राख्ने ।
३. सरुमारानी गाउँपालिकाको भाषा, संस्कृति तथा कलाको संरक्षण र विकास सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०८१ पेश ।
४. विपद् व्यवस्थापन ऐन, २०७५ मा प्रथम संशोधन विधेयक २०८१ पेश ।
५. संशोधित योजना तथा कार्यक्रम अनुमोदन तथा थप योजना सम्वन्धी प्रस्ताव पेश ।
६. विविध विषयमा छलफल र समापन ।
  - सार्वजनिक महत्वको प्रस्ताव ।
  - समवेदना प्रस्ताव

## दोश्रो गाउँसभाको सोहौं अधिवेशनको दोश्रो बैठक २०८१।११।१२ गतेका निर्णयहरु

**निर्णय नं.१ अध्यक्षले दोश्रो गाउँ सभाको सोहौं अधिवेशनको दोश्रो बैठकको वाचन पत्र सम्बन्धमा ।**

सरुमारानी गाउँपालिकाका अध्यक्ष एवं गाउँसभाका अध्यक्षज्यूवाट तपशिल वमोजिमको वाचनपत्र सहित गाउँसभाको वैठकको कारवाही सुरु गर्नु भएको थियो ।

तपशिल

गाउँ सभाका सदस्यहरू,

दोश्रो गाउँ सभाको सोहौं अधिवेशनको दोश्रो वैठकको कारवाही प्रारम्भ हुन्छ । लुम्विनी प्रदेशको गाउँ सभा/नगर सभा (कार्य सञ्चालन) कार्यविधि ऐन, २०७६ को दफा ३ वमोजिम आजवाट प्रारम्भ भएको सरुमारानी गाउँपालिकाको दोश्रो गाउँ सभाको सोहौं अधिवेशनको दोश्रो बैठकमा सवै सदस्यहरूलाई हार्दिक स्वागत गर्दछु ।

यो अधिवेशन हिउदे अधिवेशन भएकोले यस अधिवेशनलाई विधेयक अधिवेशनको रूपमा पनि लिइने गरिन्छ । यो अधिवेशनको पहिलो वैठक २०८१ मंसिर १४ गते वसी स्थगित गरिएको थियो विशेषतः पहिलो वैठक महालेखा परीक्षकको कार्यालयबाट गाउँपालिकाको आ.व. २०८०।०८१ को लेखा परीक्षण गरी प्रारम्भिक प्रतिवेदन पेश गरेको र त्यो प्रतिवेदनले औंल्याईएका विभिन्न विषयमाहरुमा छलफल तथा निर्णय गर्नु पर्ने भएको हुँदा वस्नु परेको व्यहोरा अवगतै छ ।

यस वीचमा गाउँपालिकाको चालू आ.व.को पहिलो चौमासिक सार्वजनिक सुनुवाई सम्पन्न भएको छ । यसका साथै स्थानीय तहको संस्थागत स्वमूल्यांकनमा (कुल प्राप्ताङ्क-८८.७५), वित्तिय शुसासन जोखिम मूल्यांकनमा (कुल प्राप्ताङ्क-८४.५) र प्राकृतिक स्रोत तथा वित्त आयोगले गरेको कार्यसम्पादन मुल्यांकनमा गाउँपालिकाले ६० अंक प्राप्ताङ्क गरेको ब्यहोरा अवगत गराउन चाहान्छु। यस अवधिमा ठेक्कावाट संचालन हुने सवै योजनाहरुको काम अगाडी बढेका छन । उपभोक्ता समितिवाट संचालन हुने अधिकांस योजनाहरु संझौता भई काम भईरहेको छ भने कतिपय योजनाहरुको काम सम्पन्न भई भुक्तानी लिने चरणमा पुगेका छन। यस गाउँपालिकाको हाल सम्म कुल विनियोजनको ३४.९१ प्रतिशत रकम खर्च भएको छ । (जसमा चालु तर्फ-३८.४० र पुजीगत तर्फ-२२.५ प्रतिशत) ब्यहोरा अवगत गराउदछु ।

सभाका सदस्यहरू

केही समयको अन्तराल पछि शुरु भएको सरुमारानी गाउँपालिकाको दोश्रो गाउँ सभाको सोह्रौं अधिवेशनको दोश्रो बैठकमा हामीले विभिन्न नयाँ विधेयक तथा संशोधित विधेयकहरु पेश गर्ने लक्ष्य अनुरुपको कार्यसूची तय गरेका छौ । पेश गरिएका कार्यसूचीहरु माथि सभाका सबै सदस्यहरुको सक्रिय सहभागिताको लागि अनुरोध गर्दछु ।

सभाका सदस्यहरू आजको बैठकको कार्यसूची देहाय अनुसार रहेका छन ।

१. समसामायिक विषयमा छलफल तथा मन्तव्य राख्ने ।
२. सरुमारानी गाउँपालिकाको भाषा, संस्कृति तथा कलाको संरक्षण र विकास सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०८१ पेश ।
३. विपद् व्यवस्थापन ऐन, २०७५ मा प्रथम संशोधन विधेयक २०८१ पेश ।
४. संशोधित योजना तथा कार्यक्रम अनुमोदन तथा थप योजना सम्वन्धी प्रस्ताव पेश ।
५. विविध विषयमा छलफल र समापन ।

**निर्णय नं. २ समसामयिक विषयमा छलफल तथा मन्तव्य राख्ने सम्बन्धमा।**

सरुमारानी गाउँपालिकाको दोश्रो गाउँ सभाको सोह्रौ अधिवेशनको दोश्रो बैठकमा तपशिलका सदस्यहरुले समसामयिक विषयमा शुभकामना मनतब्य राखु भएको थियो ।

तपशिल

- श्री चिन्त वहादुर सोमैमगर- गाउँपालिका प्रवक्ता एवं वडा न. ४ का वडा अध्यक्ष
- श्री लक्ष्मी पल्ली- वडा न. ५ का वडा अध्यक्ष
- श्री नर वहादुर घर्ती -१ नं. वडा अध्यक्ष
- श्री आशा वि.क.-कार्यपालिका सदस्य
- श्री मिन्टु गरूङ्ग- वडा नं. २ का वडा सदस्य

**निर्णय नं. ३ भाषा, संस्कृति तथा कलाको संरक्षण र विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ सम्बन्धमा ।**

सामाजिक विकास समितिका सदस्य श्री लक्ष्मी पल्लीमगरले सरुमारानी गाउँपालिकाको भाषा, संस्कृति तथा कलाको संरक्षण र विकास सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ लाई कानुन मस्यौदा समिति हुदै गाउँकार्यपालिकाममा दफावार छलफल भई सुझाव समेत संलग्न गरी तयार गरिएको प्रतिवेदन सहितको विधेयक पेश गर्नु भएकोले उक्त विधेयकलाई सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ विपद् व्यवस्थापन ऐन, २०७५ (प्रथम संशोधन विधेयक, २०८१) सम्बन्धमा।**

वन वातावरण तथा विपद् व्यबस्थापन समितिका सदस्य श्री भानुभक्त भुसालले सरुमारानी गाउँपालिकाको विपद् व्यवस्थापन ऐन, २०७५ (प्रथम संशोधन विधेयक, २०८१) लाई कानुन मस्यौदा समिति हुदै गाउँकार्यपालिकाममा दफावार छलफल भई सुझाव समेत संलग्न गरी तयार गरिएको प्रतिवेदन सहितको संशोधन विधेयक पेश गर्नु भएकोले उक्त संशोधन विधेयकलाई सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय न. ५ संशोधित योजना तथा कार्यक्रम अनुमोदन तथा थप योजना सम्वन्धी प्रस्ताव सम्बन्धमा ।**

क) सरुमारानी गाउँकार्यपालिकाले चालू आ.व.को श्रावण देखि फाल्गुन ११ गते सम्म विभिन्न मितिमा वैठक कार्यपालिका वैठकले गरेका निर्णय, कार्यक्रम संशोधन, परिमार्जन तथा थप नयाँ योजना तथा वजेटमा भएको थपघट सम्वन्धी तपशिल वमोजिमका प्रस्तावहरुलाई सर्वसम्मतिले स्वीकृत गरियो ।

तपशिल

**गाउँकार्यपालिकाबाट थप विषय, संशोधित योजना तथा कार्यक्रमहरु अनुमोदन सम्बन्धमा ।**

***मिति २०८१।३।२२गतेका बैठकका निर्णयहरु***

**निर्णय न. ३ ठेक्का योजनाहरु सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको चालू आ.व. २०८०।०८१ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत ठेक्का प्रकृयावाट कार्यान्वयन भएका तपशिलका योजनाहरुको निर्माण कार्य सम्पन्न गर्न ठेक्का लिएका निम्न निर्माण ब्यवसायीहरुले विभिन्न कारणवस ठेक्का अवधि सम्म निर्माण कार्य सम्पन्न गर्न नसकेकाले निम्नानुसार म्याद थप गर्ने निर्णय गरियो ।

तपशिल

| सि.न | योजनाको नाम | ठेक्का नं | कार्य सम्पन्न जमानत रकम | ठेक्का सम्झौता रकम | निर्माण व्यसायको नाम | सम्झौता मिति | म्याद थप गर्ने अवधि |
|---|---|---|---|---|---|---|---|
| १ | ऐरावती वड्डाँडा पुठाखोला दाङ सडक स्तरोन्नती | SRM/NCB /Works-01/080/081 | २०००००० | १०५८५८७७.५५ | सरुमारानी ईश्वर निर्माण सेवा सरुमारानी - ४, प्यूठान | २०८०।०८।२५ | सार्वजनिक खरिद नियमावली, २०७४ को नियम १२१ (क) वमोजिम २०८२ कार्तिक मसान्त सम्म म्याद थप गर्ने। |
| २ | वड्डाँडा उपल्लोखुट्टी तिराम मो.बा स्तरोन्नती | SRM/NCB /Works-03/080/081 | ६५०००० | ३१२६९७५.५ | मालिमा वागेश्वरी कन्स्टर्कसन प्रा.लि, काठमाण्डौ-१०, काठमाण्डौ | २०८०।१०।२९ | सार्वजनिक खरिद नियमावली, २०७४ को नियम १२० को उपदफा २(ग) बमोजिम २०८२ कार्तिक मसान्त सम्म म्याद थप गर्ने। |

**निर्णय न. ६ बार्षिक बजेट तथा कार्यक्रमको हिसाव मिलान सम्बन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा आर्थिक वर्ष २०८०।०८१ मा गाउँपालिकाले आन्तरिक श्रोत मध्ये अल्या.वाट ३ करोड ५० लाख अनुमान गरेकोमा अल्या. रु. १,३७,३६,६९०.८६ मात्र हुन आएकोले दायित्व सिर्जना भएका योजना तथा कार्यक्रमहरु निम्नानुसारले भुक्तानी गरी हिसाव मिलान गर्ने निर्णय गरियो ।

१. संघीय समपुरक योजना अन्तर्गतको- ११.४.२२.१२७३५ ऐरावती वङ्गाडा पुठाखोला दाङ सडक स्तरउन्नोति योजनाको कुल रकम रु. ५४,००,८६७.०० भुक्तानी गर्नुपर्ने रहेकोमा हाललाई सम्पूर्ण रकम संघीय समपुरक अनुदान स्रोतवाट भुक्तानी गर्ने ।
२. वुद्ध प्रा. वि. छतिवनदमार अन्तर्गत गा. पा. अनुदान अन्तर्गत भुक्तानी हुन वाँकी शिक्षक तलव भत्ता रकम रु.२,३७,७८०.०० अन्य सेवा शुल्क शिर्षकवाट विद्यालयको खातामा निकासा गर्ने।
३. दहत्तर वहत्तर राजश्व संकलन गर्न घाटमा खटिएका कर्माचारीहरुको थप पारिश्रमिक रकम रु.४,८९,६००.०० रकम अन्य सेवा शुल्क शिर्षकवाट भुक्तानी दिने ।
४. ग वर्गका अपाङ्ग मासिक भत्ता वापत तेस्रो र चौथो किस्ताको रकम निकासा गर्नुपर्नेमा श्रोत अभावको कारण हाललाई रु. २,०२,६००.०० रकम मात्र निकासा गर्ने ।
५. अनाथ वालवालिका सहायता कार्यक्रम अन्तर्गत तेस्रो र चौथो किस्ताको रकम निकासा गर्नुपर्ने रहकोका हाललाई रु. १,५६,०००.०० रकम मात्र निकासा गर्ने ।
६. छोरी पेवा वचत कार्यक्रममा अन्तर्गत हालसम्म कुनै पनि किस्ता निकासा नभएकोमा यस आर्थिक वर्षमा पहिलो किस्ता वापतको रु. १०,४०,५००.०० निकासा गर्ने ।
७. रकम/श्रोत अपुग रहेका कार्यक्रम तथा योजनाका खर्चहरु कन्टेजेन्सीवाट भुक्तानी गर्ने ।
८. संघ तथा प्रदेश सरकारवाट तलव भत्ता तथा कार्यक्रमहरुको गाउँपालिकाको श्रोतवाट भएका भुक्तानीहरु समायोजन गरी गाउँपलिकाको श्रोतमा शोधभर्ना लिने ।
९. सरुमारानी गाउँपालिकावाट संकलन भएको लुम्विनी प्रदेश सरकारसँग वाँडफाँट हुने विज्ञापन कर र दहत्तर वहत्तर वापतको रकमः-

| S.N. | Heading | Amount | Payment Amount | Difference (To be Paid) | Remark |
|---|---|---|---|---|---|
| 1. | Taxable Amount | 3439849.56 | | | |
| 2. | Vat 13% (Federal) | 447180.44 | 210440.51 | 236739.93 | |
| 3. | Total Collection Amount | 3887030.00 | | | |
| 4. | Lumbini Province | 1375939.82 | 647509.26 | 728430.56 | |
| 5. | Sarumarani Gaupalika | 2063909.74 | 3029080.23 | -965170.49 | |
| | | 3887030.00 | | 0.00 | |

माथिको तालिका अनुसार विभाज्यकोपमा दाखिला भएको जम्मा रकम रु. ३८,८७,०३०.०० मध्ये संघिय सरकारलाई भुक्तानी गर्नुपर्ने १३ प्रतिशत भ्याट रकम रु. ४,४७,१८०.४४ मध्ये यसअघि रकम रु. २,१०,४४०.५१ भुक्तानी भएकोमा वाँकी रकम २,३६,७३९.९३ र लुम्विनी प्रदेश सरकारलाई भुक्तानी

गर्नुपर्ने रकम रु. १३,७५,९३९.८२ मध्ये यसअघि ६,४७,५०९.२६ भुक्तानी भएकोमा बाँकी रकम रु. ७,२८,४३०.५६ गरी कुल भुक्तानी दिन बाँकी रकम रु. ९,६५,१७०.४९ रकम आगामी आ.वको बजेट तथा कार्यक्रमबाट भुक्तानी दिने गरी हाललाई गाउँपालिकामा सबै रकम ट्रान्सफर गरी सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको भुक्तानी गर्ने ।

**निर्णय न. ७ बर्षादले अवरुद्ध सडक मर्मत सम्बन्धमा ।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस वर्षको असार १६/१७ गते देखि निरन्तर बर्षादको कारण यस गाउँपालिका भित्रका गाउँपालिका कार्यालय भवन देखी वडा कार्यालय र अन्य महत्वपुर्ण सडकहरु अवरुद्ध भएकोले यस कार्यालयको पुर्वस्वीकृती, ईष्टिमेट र कायदिश लिएर मात्र सडक मर्मतको काम गर्ने र सो वापतको खर्च आगामी आ.ब. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत मर्मर संभार शिर्षकबाट भुक्तानी हुने गरी निम्नानुसारको बजेट बाडँफाड गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स. | योजना/कार्यक्रमको नाम | वजेट रु. | कैफियत |
|---|---|---|---|
| १ | विभिन्न सडकहरुको मर्मत संभार वडा नं. १ | ३०,०००/- | |
| २ | विभिन्न सडकहरुको मर्मत संभार वडा नं. २ | ३०,०००/- | |
| ३ | विभिन्न सडकहरुको मर्मत संभार वडा नं. ३ | ३०,०००/- | |
| ४ | विभिन्न सडकहरुको मर्मत संभार वडा नं. ४ | ३०,०००/- | |
| ५ | विभिन्न सडकहरुको मर्मत संभार वडा नं. ५ | १,६८,०००/- | |
| ६ | विभिन्न सडकहरुको मर्मत संभार वडा नं. ६ | ५०,०००/- | |
| | जम्मा | ३,३८,०००/- | |

**निर्णय न. ८ बिविध सम्बन्धमा ।**

- **सूचना प्रकाशन सम्बन्धमा ।**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा आ.ब. २०८१/०८२ देखी कार्यान्वयन हुने निम्न शिर्षकको सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

- फोहरमैला संकलन र ब्यवस्थापनको सूचना प्रकाशन ( ७ दिने ) ।
- विज्ञापन कर संकलन सूचना ( १५ दिने)
- कवाडी र जिवजन्तुकर निकासी कर संकलन सूचना ( १५ दिने)

साथै विज्ञापन कर वार्षिक रु.५००००/- र कवाडी र जिवजन्तुकर निकासी कर रु. २,५०,०००/- निर्धारण गरियो।

- **आखा स्वास्थ्य केन्द्रको सम्बन्धमा ।**

यस गाउँपालिका र तिलगंगा आखा प्रतिष्ठान वीच मिति २०८१।०१।२७ गते भएको संझौतालाई अनुमोदन गर्ने र सो संझौता अनुसार सरुमारानी गाउँपालिकाको वडा नं. २ दर्भानमा ग्रामिण आखा स्वास्थ्य केन्द्र (आखा

स्वास्थ्य केन्द्र) स्थापना गर्ने साथै आखा स्वास्थ्य केन्द्र संचालनको लागि नेत्र सहायक ( सहायक स्तर पाचौ तह)-१ जना र अप्टिकल फिटर (कार्यालय सहयोगी -श्रेणी विहिन)-१ जनाको दरबन्दी स्वीकृत गर्ने निर्णय गरियो ।

## मिति २०८१।४।१७गतेका बैठकका निर्णयहरु

**निर्णय नं. ७ सडक मर्मत सम्बन्धमा ।**

प्रस्ताव न. ६ माथि छलफल गर्दा यस बर्षको बर्षात संगै सडकहरु अवरुद्द भई सडक आगमन खुलाउन मर्मत संभार शिर्षकबाट निम्नानुसार बजेट विनियोजन गर्ने निर्णय गरियो ।

तपशिल

क) विभिन्न सडकहरुको मर्मत संभार वडा नं. ४ रु. ४०,०००/-

ख) विभिन्न सडकहरुको मर्मत संभार वडा नं. ५ रु. ४०,०००/-

## मिति २०८१।४।३२ गतेका बैठकका निर्णयहरु

निर्णय नं. ८ को प्रस्ताव घ – गाउँपालिका अनुदान शिक्षक दरबन्दी थप सम्बन्धमा:-

सरुमारानी गाउँपालिका अन्तर्गत तपशिलका विधालयहरुमा गाउँपालिका शिक्षक अनुदान दरवन्दी थप गर्ने:-

- ने.रा. मा.वि. हंशपुर- मा.वि. शिक्षक एक जना- नयाँ मा.वि. तह सुरु भएकोले ।
- लुकलुके वालविकास केन्द्र वडा नं.५- वालविकास सहजकर्ता एकजना- जनतावाट चन्दा संकलन गरि वालविकास संचालन भएकोले ।

**निर्णय न. १० विविध -सडक मर्मत सम्बन्धमा ।**

यस गाउँपालिका वडा नं. ६ को वडा कार्यालय जाने थक्लेनेनी-मुर्कुटी मोटरवाटो बर्षादकोकारण पटक पटक बिग्रन गएकोले थप मर्मत कार्यको लागि मर्मत संभार शिर्षकबाट रु. ३५,०००/- विनियोजन गर्ने निर्णय गरियो ।

## मिति २०८१।६।११ गतेका बैठकका निर्णयहरु

**निर्णय नं. २ जे.सि.वि. दररेट सम्बन्धमा ।**

प्रस्ताव नं.२ माथि छलफल गर्दा यस गाउँकार्यपालिकाको योजनाहरु कार्यान्वयनको लागि यस गाउँपालिका भित्र प्रयोग हुने मेसिनको दररेटमा तपसिल वमोजिम कायम गर्ने र मेसिनको दररेट भन्दा कुनै पनि किसिमको अन्य अतिरिक्त खर्च भुक्तानी दिन नपाईने निर्णय गरियो।

- टायरवाला व्याक हो लोडर-रु. २८२५।- प्रति घण्टा (भ्याट सहित) ।
- चैनवाला डोजर (१८० हर्प पावर सम्म)-रु. ४५२०।- प्रति घण्टा (भ्याट सहित) र ब्रेकर प्रयोग गरेमा रु. ५६५०।- प्रति घण्टा (भ्याट सहित)
- चैनवाला डोजर (१८० हर्प पावर भन्दा माथि)-रु. ५५००।- प्रति घण्टा (भ्याट सहित) र ब्रेकर प्रयोग गरेमा रु. ६५००।- प्रति घण्टा (भ्याट सहित) ।

**निर्णय नं. ३ सडक लाईट र सि.सी क्यामेरा जडान तथा मर्मत सम्बन्धमा ।**

प्रस्ताव न. ३ माथि छलफल गर्दा नेपालको महान चाड दशै तिहारलाई लक्षित गरी यस गाउँपालिका अन्तरगत वड्डाडा वजार क्षेत्रका सडक बत्ती जडान तथा मर्मतको लागि रु. ६००००/- र दर्भान/ददेरी

क्षेत्रका सडकबत्ति मर्मत तथा जडानको लागि रु.२०,०००/-विनियोजन गर्ने र आवश्यकता अनुसार सि.सि. क्यामेरा मर्मत गर्ने निर्णय गरियो । साथै यस गाउँपालिकाको वडा नं.६ बायोखोलामा २ वटा पोल र सडक बत्ति जडान गर्ने निर्णय गरियो ।

## मिति २०८१/६/११गतेका बैठकका निर्णयहरु

**निर्णय नं. २ सडक मर्मत संभार सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस बर्ष भईरहेको निरन्तर बर्षादको कारण यस गाउँपालिका भित्रका गाउँपालिका कार्यालय भवन देखी वडा कार्यालय र अन्य महत्वपुर्ण सडकहरु अवरुद्ध भई यातायात सेवा नियमित सूचारु हुन नसकेको र यस बर्षको दशै तिहार नजिकै आईरहेको र थप बर्षाद पनि हुन सक्ने संभावनालाई मध्यनजर गरि वडा भित्रका सडकहरु सुचारु गर्न सडक मर्मतको काम गर्ने र सो वापतको खर्च चालू आ.व. २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत मर्मर संभार शिर्षकबाट भुक्तानी हुने गरी निम्नानुसारको बजेट बाडँफाड गर्ने निर्णय गरियो ।

तपशिल

| क.स. | योजना/कार्यक्रमको नाम | बजेट रु. | कैफियत |
|---|---|---|---|
| १ | विभिन्न सडकहरुको मर्मत संभार वडा नं. १ | १,७५,०००/- | |
| २ | विभिन्न सडकहरुको मर्मत संभार वडा नं. २ | २,००,०००/- | |
| ३ | विभिन्न सडकहरुको मर्मत संभार वडा नं. ३ | २,५०,०००/- | |
| ४ | विभिन्न सडकहरुको मर्मत संभार वडा नं. ४ | २,५०,०००/- | |
| | विभिन्न सडकहरुको मर्मत संभार -९०,०००/- | | |
| | डाडापसल बैंके डुङ्डुंङ्गे सारुटोल मो.बा. मर्मत-६५,०००/- | | |
| | बडडाडा-दाङ्गसिङ मान्द्रे मो.बा. मर्मत -९५,०००/- | | |
| ५ | विभिन्न सडकहरुको मर्मत संभार वडा नं. ५ | ४,००,०००/- | |
| ६ | विभिन्न सडकहरुको मर्मत संभार वडा नं. ६ | ४,००,०००/- | |
| | जम्मा | १६,७५,००० | |

**निर्णय नं. ७ विविध सम्बन्धमा ।**

- पशुपोषण तथा प्रजनन विकृति सुधार कार्यक्रममा साझेदारी सम्बन्धमा ।

एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय प्युठानको मिति २०८१।०६।६ च.न. ६८ को पत्र अनुसार स्थानीय तह तथा ILRI संगको सहकार्यमा पशुपोषण तथा प्रजनन् विकृति सुधार कार्यक्रम संचालनको लागि यस गाउँपालिकाले आवश्यक साझेदारी रकम रु. ५,००,०००/- साझेदारी कार्यक्रम शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

- **विपद प्रभावित परिवारले दिने सहयोग रकम सम्बन्धमा ।**

यस गाउँपालिकाको स्वीकृत विपद् कोष व्यवस्थापन कार्यविधि २०७४ को परिच्छेद ७(क) बमोजिम गाउँपालिकाले नगद तथा जिन्सी वा नगद र जिन्सी गरी बढिमा २५,०००/- सम्म उपलब्ध गराउने साथै विपदवाट मृत्यू भएका व्यक्तिहरुका लागि प्रति व्यक्ति रु. १,००,०००/- सहयोग उपलब्ध गराउने गरी कार्यविधि संशोधन गर्ने निर्णय गरियो ।

***मिति २०८१।७।२३ गतेका बैठकका निर्णयहरु***

**निर्णय नं. ८ सडक मर्मत संभार सम्बन्धमा ।**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस वर्ष भईरहेको निरन्तर वर्षादको कारण यस गाउँपालिका अन्तरगत वडा भित्रका केही सडकहरु सुचारु गर्न सडक मर्मतको काम गर्ने र सो वापतको खर्च चालू आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत मर्मर संभार शिर्षकवाट भुक्तानी हुने गरी निम्नानुसारको वजेट वाडँफाड गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स. | योजना/कार्यक्रमको नाम | वजेट रु. | कैफियत |
|---|---|---|---|
| १ | विभिन्न सडकहरुको मर्मत संभार वडा नं. १ | २५,०००/- | |
| २ | विभिन्न सडकहरुको मर्मत संभार वडा नं. २ | २०,०००/- | |
| ३ | विभिन्न सडकहरुको मर्मत संभार वडा नं. ३ | ४०,०००/- | |
| ४ | विभिन्न सडकहरुको मर्मत संभार वडा नं. ४ | ५०,०००/- | |
| ५ | विभिन्न सडकहरुको मर्मत संभार वडा नं. ५ | १,००,०००/- | |
| ६ | विभिन्न सडकहरुको मर्मत संभार वडा नं. ६ | १,००,०००/- | |
| | जम्मा | ३,३५,०००/- | |

**निर्णय नं. ९ योजनाहरुको मर्मत संभार सम्बन्धमा ।**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा निम्न योजनाहरुको मर्मर संभार शिर्षकवाट भुक्तानी हुने गरी निम्नानुसारको वजेट वाडँफाड गर्ने निर्णय गरियो ।

- वडा नं. ३ को वडा कार्यालय भवन मर्मत-रु. ४,५०,०००/-

- वडा नं. १ को वडा कार्यालय भवनको कम्पाउण्डवाल मर्मत निर्माण तथा गेट निर्माण- रु. १,७०,०००/-
- १५ वटा ठेलागाढा खरिद कार्य रु. १,५०,०००/-
- कृषि तथा पशुविकास स्रोत केन्द्र बांगेशालको भवन मर्मत रु. ७०,०००/-

**निर्णय नं. ६ प्रधानमन्त्री रोजगार कार्यक्रमको योजना छनौट र सामाग्री शिर्षकको वजेट बाँडफाँड सम्वन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा चालू आ.व.२०८१/०८२ को लागि प्रधानमन्त्री रोजगार कार्यक्रममा विनियोजित कुल रकम रु. ४३,५२,०००/- (नेपाल सरकार-१६,८०,०००/- वैदेशिक सहयोग रु.- २६,७२,०००/-) र गाउँपालिकाबाट निर्माण सामाग्रीको लागि विनियोजित रु. १,२०,०००/- बाट तपशिलको योजना छनौट गरी वजेट विनियोजन गर्ने निर्णय गरियो ।

तपशिल

| क सं | वडा नं | योजनाको नाम | प्रधानमन्त्री रोजगार कार्यक्रम वजेट | श्रमिकको संख्या | निर्माण सामग्री रकम- गा.पा.वजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १ | वोधने खोला मल्ल टोल पक्की कुलो निर्माण | ४६७६०० | ७ | १२५००० | IDA |
| २ | २ | स्वर्गद्वारी गेट गनाह मो. वा. नाली निर्माण | ४००८०० | ६ | १०५००० | |
| ३ | ३ | पालुथान नौघाट मो. वा. मर्मत तथा नाली निर्माण योजना | ८६८४०० | १३ | २५५००० | IDA |
| ४ | ३ | वुढोचौपारी कालीमाटी मो. वा. मर्मत तथा नाली निर्माण योजना | ४६७६०० | ७ | १००००० | IDA |
| ५ | ३ | गुरुङ्गडाडा ढाव चाभा मो. वा. मर्मत तथा नाली निर्माण योजना | ३३४००० | ५ | १००००० | IDA |
| ६ | ४ | वड्डाँडा धनकोट मोटर वाटो नाली निर्माण | ५३४४०० | ८ | १४५००० | IDA |
| ७ | ५ | कल्पना वाल विकास केन्द्र भौतिक पूर्वाधार निर्माण | ५११६८० | ८ | १४५००० | |
| ८ | ५ | लुकलुके वाल विकास केन्द्र भौतिक पूर्वाधार निर्माण | ३१९८०० | ५ | १००००० | |
| ९ | ६ | सिम्ले वाल विकास केन्द्र २ कोठे भवन निर्माण | ४४७७२० | ७ | १२५००० | |
| जम्मा बिनियोजित रकम | | | ४३५२००० | ६६ | १२,००,००० | |

**निर्णय नं. १२. बिविध सम्बन्धमा ।**

- **सहकारी संस्थाहरुलाई कोपोमिस सफ्टवयर तालिम संचालन सम्बन्धमा ।**

  यस गाउँपालिका भित्र कार्यक्षेत्र रही संचालनमा रहेका सहकारीहरुको संस्थागत अभिलेख तथा आर्थिक कारोबारलाई व्यवस्थित वनाउन नेपाल सरकारले तयार गरी लागु गरेको कोपोमिस सफ्टवयर

सम्बन्धी २ दिने तालिम संचालन गर्ने र सो वापत लाग्ने अनुमानित रकम रु. ७०,०००/- गत वर्षको दायित्व सिजना भई भुक्तानी हुन नसकेका योजना तथा कार्यक्रम भुक्तानी शिर्षकबाट रकमान्तरण गरि गाउँपालिकाबाट भुक्तानी गर्ने निर्णय गरियो ।

- योजनाको रकम भुक्तानी सम्वन्धमा ।

गत आ.व. २०८०।०८१ मा स्वीकृत भई सरुमारानी ईश्वर निर्माण सेवा मार्फत कार्यान्वयन गर्न बाकी रहेको योजना-ऐरावती बड्डाँडा पुठाखोला दाङ्ग सडक स्तरोन्नोती योजनाको कार्य यस वर्ष सम्पन्न भएकोले उक्त योजनामा भुक्तानी दिन बाकी रकम मध्ये रु. २५,००,०००/- गत वर्षको दायित्व सृजना भई भुक्तानी हुन नसकेका योजना तथा कार्यक्रम शिर्षकबाट रकमान्तरण गरी भुक्तानी गर्ने निर्णय गरियो ।

## मिति २०८१।८।१३ गतेका बैठकका निर्णयहरु

**निर्णय नं. ३ लघुउद्यम विकास कार्यक्रमको कार्यक्षेत्र छनौट र बजेट बाडफाँड सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाको चालू आ.व. २०८१।०८२ को संघीय शसर्त अनुदान अन्तर्गत गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रममा विनियोजन भएको रु. १८,००,०००/- बाट कार्यक्रम कार्यान्वयनका लागि कार्यक्षेत्र छनौट र बजेट बाडँफाड निम्नानुसार गर्ने निर्णय गरियो ।

तपशिल

क) वजेट तथा कार्यक्रम सम्वन्धमा ।

आ.व. २०८१।०८२ को गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत सञ्चालन गरिने क्रियाकलापहरुको वजेट निम्नानुसारको शिर्षकमा प्राप्त भएकोछ ।

| क.स. | विवरण | वजेट रकम रु.मा |
|---|---|---|
| १ | नयाँ उद्यमी सिर्जना तर्फ | ९,२०,००० |
| २ | स्तरोन्नती तर्फ | २,४०,००० |
| ३ | प्रविधि हस्तान्तरण तर्फ (५ जनाको समूहमा) | १,४०,००० |
| ४ | साझा सुविधा केन्द्र स्थापना | ५,००,००० |
| | जम्मा | १८,००,००० |

उक्त वजेटको आधारमा आ.व. २०८१।०८२ मा नेपाल सरकारको सशर्त अनुदान मार्फत नयाँ उद्यमी श्रृजनाको लागि प्राप्त बजेट रु ९,२०,०००।- गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सन्चालन निर्देशिका २०७७ को तालिका नं.१ मा उल्लेख भए वमोजिम बजेट प्रतिशत तपशिल वमोजिम कायम गरी बाँडफाँड गरिएको छ ।

| क्र.स. | विवरण | बजेट प्रतिशत दायरा | विनियोजन बजेट प्रतिशत | रकम रु. |
|---|---|---|---|---|
| १ | उद्यम विकास लागि सामाजिक परिचालन | बढीमा ३ प्रतिशत सम्म | ३ | २७६०० |
| २ | उद्यमशिलता विकास तालिम | ७ देखि ९ प्रतिशत | ९ | ८२८०० |
| ३ | प्राविधिक सीप विकास तालिम | ३५ देखि ४१ प्रतिशत | ३८ | ३४९६०० |
| ४ | प्रविधि हस्तान्तरण | १५ देखि १८ प्रतिशत | १५.०४ | १३८४०० |
| ५ | वित्तीय सेवामा पहुँच | ३ देखि ४ प्रतिशत | ३ | २७६०० |
| ६ | वजारीकरणमा सहयोग | ३ देखि ५ प्रतिशत | ३ | २७६०० |
| ७ | उद्यम विकास सहजकर्ता परिचालन | २४ देखि ३३ प्रतिशत | २९ | २६६४०० |
| | जम्मा | | १०० | ९२०००० |

**निर्णय नं. ६ प्रदेशको राजश्ववाडफाँडको बाकी रकम फिर्ता सम्बन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिकाको गत आ.व. २०८०।०८१ को राजश्ववाडफाड वापतको लुम्विनी प्रदेश सरकारलाई फिर्ता गर्न छुट भएको रकम रु. ७,२४,३४५ /- यस गाउँपालिकाको चालू वर्ष आ.व. २०८१।०८२ को वार्षिक स्वीकृत कार्यक्रमः- गत वर्षको दायित्व सिर्जना भइ भुक्तानी हुन नसकेका योजना तथा कार्यक्रम भुक्तानी शीर्षकबाट रकम फिर्ता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ गाउँपालिका अनुदान शिक्षक सम्बन्धमा :**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा आ.व. २०८१/८२ मा संघीय अनुदान मार्फतमा माध्यमिक तह अंग्रेजी, गणित, विज्ञान विषय शिक्षक शिक्षण सहयोग अनुदान शीर्षकमा-३ जना शिक्षक बराबरको वजेट प्राप्त भएको र उक्त अनुदानमा तपसिलका विद्यालयमा गाउँपालिका अनुदान शिक्षकको सट्टामा नियुक्त गरिएकोले गाउँपालिका अनुदान शिक्षकको कोटा सोही विधालयमा कायम गर्ने र विधालयको आवश्यकता अनुसार शिक्षक पद परिवर्न गरी शिक्षक पदपुर्ने गर्ने निर्णय गरियो ।

| क्र.सं. | विद्यालयको नाम | नियुक्त गरेको विषय | रिक्त गा.पा.अनुदान | कैफियत |
|---|---|---|---|---|
| १ | श्रमरानी मा.वि.वुढिचौर | अंग्रेजी | १ | |
| २ | भीमसेन मा.वि.जस्पुर | विज्ञान | १ | |
| ३ | सत्य मा.वि. ददेरी | गणित | १ | |

**निर्णय नं. १०. विविध सम्बन्धमा ।**

- **मौलानाको तलव सम्वन्धमा ।**
  कास्कोट स्लामिक मदरसाको मौलानाको तलब संघीय अनुदान मार्फत प्राप्त हुने न्यूनतम पारिश्रमिकभन्दा न्यून रहेकाले गाउँपालिका अनुदान अन्तर्गतको मुस्लिम धार्मिक शिक्षा कार्यक्रम शीर्षकमा विनियोजन भएको रकमबाट रकमान्तरण गरी भुक्तानी गर्ने निर्णय गरियो ।

***मिति २०८१।९।१७ गतेका बैठकका निर्णयहरु***

**निर्णय नं. २ सामुदायिक विकास परियोजना प्रस्ताव पेश गर्ने सम्वन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (विकास सहायता समन्वय शाखा) को च.न. ४२२ मिति २०८१/०३/०५ गतेको उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना पेश गर्ने पत्र अनुसार गाउँपालिका स्तरीय अस्पताल भवन निर्माणको परियोजना प्रस्ताव पेश गर्ने र उक्त परियोजनाको कुल लागत रु.२५,२४,३३,६८९.७४ मध्ये सामुदायिक विकास परियोजनाले बेहोर्ने रकम २० करोड वाहेकको बाँकी रकम यस गाउँपालिकाले लागत सहभागिता गर्ने प्रतिबद्धता व्यक्त गरियो ।

**निर्णय नं. ४ ल्होसार पर्व र माघेसंक्रान्ती मेला सम्वन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपलिकामा नियमित र वार्षिक रुपमा मनाईने तपिशलका पर्व/मेलाहरु चालू तर्फको कार्यक्रम खर्च शिर्षकवाट निम्नानुसार वजेट रकमान्तरण गरी खर्च गर्ने निर्णय गरियो ।

तपशिल

- गुरुङ्ग समुदायको तमू ल्होसार पर्व कार्यक्रम- रु. ७५०००/- वडा नं. २
- माघे संक्रान्ती पर्वमेला व्यवस्थापन सरुमारानी ४ प्यूठान -रु. ७५०००/-
- **निर्णय नं. ८ वङ्गाडा-धनकोट उपल्लोखुट्टी तिराम सडक निर्माण सम्वन्धमा ।**
- प्रस्ताव नं. ८ माथि छलफल गर्दा गत आ.व.मा स्वचालित प्रदेश समपुरक अनुदानवाट संचालित बङ्गाडा-धनकोट उपल्लोखुट्टी तिराम सडकको सार्वजनिक खरिद ऐन दफा ५९ को ४ तथा नियमावलीको दफा १२७ को १ बमोजिम सुविस्ताको आधारमा सम्झौता अन्त गर्ने र निर्माण व्यवसायीले स्वीकार्य रुपमा गरेको कामको मुल्यांकन गरी भुक्तानीको लागि पेश गर्न प्राविधिक शाखालाई निर्देशन दिने निर्णय गरियो
-
- **निर्णय नं.९ ऐरावती-बङ्गाडा पुठाखोला दाङ्ग स्तरउन्नोती सडकको रकम भुक्तानी सम्वन्धमा ।**
- प्रस्ताव नं. ९ माथि छलफल गर्दा गत आ.ब.मा स्वचालित संघीय समपुरक अनुदानवाट संचालित ऐरावती-बङ्गाडा पुठाखोला दाङ्ग स्तरउन्नोती सडकको भुक्तानी गर्न बाकी रहेको रकम रु. ४६,७४,९६९/- यस अघि रु. ११,५६,०००/- भुक्तानी भईसकेकोले बाकी रकम रु. ३५,१८,९६९/- रुपैयामा ११५ दिनको हर्जना कट्टा गरी चालु आ.ब.को स्वीकृत ऐरावती-बङ्गाडा पुठाखोला दाङ्ग ग्रामिण सडक स्तरउन्नोती (क्रमागत अधुरो) योजनाको शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।



CamScanner

- निर्णय नं. ११ राष्ट्रपति रनिङ्गशिल्डको नपुग रकम सम्बन्धमा ।
- प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस चालू वर्षमा संचालन भएको राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता सम्पन्न भएकोले सो प्रतियोगिता संचालनको लागि विनियोजित बजेट कार्यक्रम सम्पन्न गर्न कठिन भएकोले खर्च भएको थप रकम रु. २,३५,०००/- चालु शिर्षकको कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

- निर्णय नं. १२ पंजिकरण सम्बन्धी बायोमेट्रिक्स डिभाईस खरिद सम्बन्धमा ।

  प्रस्ताव नं. १२ माथि छलफल यस गाउँपालिकाका सबै वडाहरु र गाउँपालिकाको कार्यालयमा व्यक्तिगत घटना दर्ता (पंजिकरण) सम्बन्धि कार्यका लागि ७ वटा बायोमेट्रिक्स डिभाईस खरिद गर्ने र सो को लागि आवश्यक पर्ने बजेट रु. २,१०,०००/- सूचना प्रणाली तथा सफ्टवयर संचालन खर्च शिर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४ योजनाहरुको मर्मत संभार सम्बन्धमा ।**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा निम्न योजनाहरुको मर्मर संभार कोष शिर्षकबाट भुक्तानी हुने गरी निम्नानुसारको वजेट बाडँफाड गर्ने निर्णय गरियो ।

- अम्मरे पुर्णगाउँ मो.वा. मर्मत वडा नं ४ -रु.१,००,०००/-
- छतिवन दमार मो.वा. मर्मत वडा नं. ४ -रु. ५०,०००/-
- वडा नं. २ को वडा कार्यालय भवन मर्मत -रु. ५०,०००/-
- वडा नं. ५ को स्वास्थ्य चौकी मर्मत- -रु. ६०,०००/-
- वडा नं ४ को आधारभूत स्वास्थ्य संस्था मर्मत -रु. ५०,०००/-
- वडा नं ६ को आधारभूत स्वास्थ्य संस्था मर्मत -रु. ५०,०००/-
- वडा नं ३ को स्वास्थ्य चौकी मर्मत - रु. ५०,०००/-
- वड्डाडा वजारक्षेत्र सडक वत्ती मर्मत/जडान खर्च रु. ८५,२१७/-
- वड्डाडा वजारक्षेत्र सडक वत्ती मर्मत/जडान खर्च रु. ५७,५००/-
- सि.सि क्यामेरा मर्मत खर्च रु. १,२५,००० /-
- वड्डाँडा रानी पौवा खण्ड मो.वा मर्मत रु. ५०,०००।-

**निर्णय नं. १५ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजनामा निर्माण सामाग्रीमा नपुग रकम सम्बन्धमा ।**

प्रस्ताव नं. १५ माथि छलफल गर्दा निम्न योजनाहरुको मर्मर संभार शिर्षकबाट भुक्तानी हुने गरी निम्नानुसारको वजेट बाडँफाड गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

- कल्पना वाल विकास केन्द्र भौतिक पुर्वाधार निर्माण रु. १८,०००/- (प्रधानमन्त्री रोजगार कार्यक्रम-निर्माण सामाग्री थप)
- लुकलुके वाल विकास केन्द्र भौतिक पुर्वाधार निर्माण रु. १३,०००/- (प्रधानमन्त्री रोजगार कार्यक्रम-निर्माण सामाग्री थप)
- सिम्ले वालविकास केन्द्र २ कोठे भवन रु. १६,०००/- (प्रधानमन्त्री रोजगार कार्यक्रम-निर्माण सामाग्री थप)



CamScanner

## निर्णय नं. १७ सडक बोर्ड तर्फको योजना छनौट सम्बन्धमा ।

प्रस्ताव नं. १७ माथि छलफल गर्दा,

क) सडक बोर्ड तर्फ यस गाउँपालिकामा गत वर्ष देखि निर्माण/मर्मत कार्य सुरु भई सम्पन्न भएको स्वर्गद्वारीगेट-गनाह मो.बा.मा यस गाउँपालिकाले बेहोर्नु पर्ने साझेदारी रकम गत वर्षको दायित्व सिर्जना भइ भुक्तानी हुन नसकेका योजना तथा कार्यक्रम भुक्तानी शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

ख) सडक बोर्ड तर्फ यस गाउँपालिकामा चालु आ.व.मा सडक निर्माण/मर्मत कार्यका लागि रु. १४,००,०००/- विनियोजन भएकोले सो बजेट कार्यान्वयनको लागि पूनः स्वर्गद्वारी गेट-गनाह मो.बा.लाई छनौट गर्ने र यस गाउँपालिकाले नियमानुसार बेहोर्ने पर्ने साझेदारी रकम रु ६,००,०००/- यस गाउँपालिकाको विभिन्न योजना तथा कार्यक्रममा साझेदारी रकम शिर्षकबाट बेहोर्ने निर्णय गरियो ।

## निर्णय नं. २० योजना संशोधन सम्वन्धमा ।

प्रस्ताव नं. २० माथि छलफल गर्दा,

क) यस गाउँपालिकाको चालू आ.व.को वार्षिक स्वीकृत कार्यक्रम अन्तरगत तपशिलका योजना तथा कार्यक्रम आगामी गाउँसभाबाट अनुमोदन हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

तपशिल

| क्र. स. | स्वीकृत योजनाको नाम | बजेट रु. | संशोधित योजना तथा कार्यक्रमको नाम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | हापुरखोला उपल्लो सिचाई कुलो | ७५,०००।- | हपुरखोला उपल्लो सिचाई | ७५,०००।- | |
| २ | कोरेली पाडी वितरण कार्यक्रम | ९,००,०००। | मिनिटिलर वितरण कार्यक्रम | ५,००,०००/- | |
| | | | मोटरपाईप वितरण कार्यक्रम | २,००,०००/- | |
| | | | तल्लो ढाण स्वामी रह सिंचाई आयोजना | १,००,०००/- | |
| | | | रत्ने सोमै टोल मो.वा ग्रावेल आयोजना | १,००,०००/- | |
| ३ | बोधने खोला मल्लटोल पक्कीकुलो निर्माण-वडा न. १ | १,२५,०००।- | बोधने खोला बाध र पक्कीकुलो निर्माण योजना (वडा न. १) | २,२५,०००/- | प्र.रो.का.-निर्माण सामाग्री रकम-गा.पा. बजेट |



CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | वोधने खोला अधिकारी वार्ध निर्माण-वडा न. १ | ५०,०००।- | | | नियमित वडा बजेट विनियोजन |
| ५ | वोधनेखोला गोज वहादुर पक्की डुढ निर्माण-वडा न. १ | ५०,०००।- | | | " |

**निर्णय नं. २१ शिक्षक दरवन्दी सम्वन्धमा ।**

प्रस्ताव नं. २१ माथि छलफल गर्दा सरुमारानी गाउँपालिका अनतर्गतको रासी प्राथमिक विद्यालय दुमहीमा कार्यरत शिक्षक मीनराज रानाले आ.व.२०८०।०८१ सम्म सामुदायिक वनको आम्दानी तथा अन्य निजी स्रोतवाट तलव/भत्ता प्राप्त गरिरहेकोमा यस आर्थिक वर्ष २०८१।०८२ देखि उक्त प्रकारका स्रोत उपलव्ध हुन नसक्ने भएको हुँदा गाउँपालिकाको स्रोतवाट शिक्षक अनुदान उपलव्ध गराउन विद्यालय व्यवस्थापन समितिबाट अनुरोध आएकाले गाउँपालिकाले सिर्जना गरेको गाउँपालिका अनुदान अन्तर्गतका १७ वटा दरवन्दीमध्ये दरवन्दी संख्या-१ वचत (रित्त) भएकाले उक्त प्राथमिक तह दरवन्दी संख्या १ रासी प्राथमिक विद्यालय दोमहीलाई  प्रदान गर्ने निर्णय गरियो।

***मिति २०८१।१०।२७ गतेका बैठकका निर्णयहरु***

**निर्णय नं. २. राष्ट्रिय योजना आयोगमा समपुरक अनुदान योजना सिफारिस सम्वन्धमा ।**

प्रस्ताव न.२ माथि छलफल गर्दा राष्ट्रिय योजना आयोगको मिति २०८१।१०।१६ गते प्रकाशित सूचना अनुसार आर्थिक वर्ष २०८२/०८३ को लागी समपुरक अनुदानको लागी प्रस्ताव माग भएकोमा गत आर्थिक वर्ष कार्यान्वयनमा रहेको तपशिलको योजना सम्पन्न हुन वाकी रहेको र गाउँपालिकाको पहिलो प्राथमिकतामा परेको योजना भएकोले सो योजनाको लागि रु. २,५०,१०,०००/- प्रस्ताव तयार गरी पठाउने साथै सो योजनाको लागि गाउँपालिकाले व्यहोर्नु पर्ने नियमानुसारको लागत साझेदारी रकम यस गाउँपालिकावाट व्यहोर्ने प्रतिवद्धता सहित निर्णय गरियो।

<u>तपशिल</u>

| सि.न | योजनाको नाम | योजना स्थल | आ.ब.२०८२/०८३ लागी अनुमानित वजेट | | |
|---|---|---|---|---|---|
| | | | संघीय समपुरक अनुदान रु. | स्थानीय तहको साझेदारी रु | जम्मा |
| १ | ऐरावती बङ्गाडा पुठाखोला दाङ्ग सडक स्तरउन्नोति योजना (क्रमागत-अधुरो) | सरुमारानी गाउँपालिका वडा न. ३, ४, ५ र दाङ्गको बंगलाचुली गाउँपालिका | १ करोड ५० लाख मात्र | १ करोड १० हजार | २ करोड ५० लाख १० हजार मात्र |

**निर्णय नं. ३ राष्ट्रिय योजना आयोगमा विशेष अनुदान योजना सिफारिस सम्बन्धमा**

प्रस्ताव न.२ माथि छलफल गर्दा राष्ट्रिय योजना आयोगको मिति २०८१।१०।१६ गते प्रकाशित सूचना अनुसार आर्थिक बर्ष २०८२।०८३ को लागी विशेष अनुदान अन्तर्गत आर्थिक, सामाजिक विभेदमा परेका वर्ग, समुदाय र क्षेत्र उत्थान तथा जिविकोपार्जन सुधार कार्यक्रम र विधालय शैक्षिक गुणस्तर सुधार तथा आधारभूत सरसफाई कार्यक्रम संचालनको लागि तपशिलको शिर्षकमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

तपशिलः-

| सि.न. | कार्यक्रमको नाम | कार्यान्वयन हुने स्थान | प्रस्तावित बजेट रु. | आ.व.२०८१।०८२ | कैफियत |
|---|---|---|---|---|---|
| १ | विपन्न बर्ग/समुदाय उत्थान तथा जिविकोपार्जन सुधार कार्यक्रम | तोकिएका वडा/बस्ती समुदाय | १ करोड ५० लाख | १ करोड ५० लाख | सालबसाली |
